वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय ,सुर्खेत

मिति २०७९।०९।२६ गतेका दिन बसेको वीरेन्द्रनगर नगरकार्यपालिकाको **वाह्रौं** बैठकबाट देहाय वमोजिमका निर्णयहरु पारित गरियो ।

निर्णय न. १

यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्ने ।

निर्णय न. २

वीरेन्द्रनगर नगरपालिकाको स्वामित्वमा रहेको सिटि वसपार्कलाई समय सापेक्ष व्यवस्थित र प्रभावकारी रुपमा व्यवस्थापन गरि सेवा, सुविधा सहित राजस्व परिचालन गर्न **वसपार्क व्यवस्थापन कार्यविधि,** २०७६ खारेज गरि **वसपार्क व्यवस्थापन कार्यविधि,** २०७९ स्वीकृत गरियो ।साथै वसपार्क व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम भए गरेको कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने गरि स्वीकृत गर्ने ।

निर्णय न. ३

वीरेन्द्रनगर नगरपालिकाको सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९ अनुसार गौशालाको संञ्चालन र व्यवस्थापन गर्नका लागि मिति २०७९/०८/०५ मा सार्वजनिक सूचना मार्फत खुल्ला प्रस्ताव आह्वान गरिएकोमा श्री सुन्दर कर्णाली गौशाला तथा सरसफाई व्यवस्थापन वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सुर्खेत र श्री केन्द्रीय पशुपन्क्षी मत्स्य सहकारी संघ लिमिटेड नेपाल गरी दुईवटा इच्छूक फर्महरुको दरखास्त परेकोमा श्री सुन्दर कर्णाली गौशाला तथा सरसफाई व्यवस्थापन वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सुर्खेतको प्रस्ताव प्राविधिक एंव व्यवस्थापनका हिसावले उपयुक्त देखिन आएकाले देहायका शर्तहरु राखी श्री सुन्दर कर्णाली गौशाला तथा सरसफाई व्यवस्थापन वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सुर्खेतसंग गौशाला व्यवस्थापनमा देहायको शर्तको आधारमा सम्झौता गर्ने । साथै श्री केन्द्रीय पशुपन्क्षी मत्स्य सहकारी संघ लिमिटेडलाई बैकल्पिक सूचीमा राख्ने ।

देहायका शर्तहरु:

१. गौशाला संञ्चालनको लागि प्रथम पक्ष वीरेन्द्रनगर नगरपालिका, सुर्खेत र दोस्रो पक्ष श्री सुन्दर कर्णाली गौशाला तथा सरसफाई व्यवस्थापन वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हुनेछ।
२. गौशालाको महत्वपूर्ण भौतिक पूर्वाधारको जिम्मेवारी वीरेन्द्रनगर नगरपालिकाको रहने छ ।

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

३. नगरपालिकाबाट स्वीकृत सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम, दैनिक गौशाला संञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

४. सम्झौता पश्चात गौशालाको संञ्चालन तथा व्यवस्थापनका लागि देहाय वमोजिम हुनेगरि पहिलो पक्षले व्यवस्थापन गर्ने।

क. दोस्रो पक्षलाई पशु आहारा वापत रु ५ लाख एकमुष्ट दिईने छ । तत्पश्चात दोस्रो पक्षले गौशाला संञ्चालन तथा व्यवस्थापनका लागि वैकल्पिक श्रोतको व्यवस्था गर्नु पर्नेछ र अन्य सरोकारवालासँग सहकार्य गर्न सकिनेछ।

ख. गाई गोरुलाई( दुधे वाच्छा वाच्छी वाहेक) गौशालामा प्रवेश शुल्क वापत प्रति वटा रु दुई हजार दिईने छ र सो रकमको कम्तिमा २५ प्रतिशत कार्यविधि वमोजिमको अक्षयकोषमा जम्मा गरी परिचालन गर्नुपर्नेछ । अक्षय कोषको संञ्चालन कार्यविधि अनुसार हुनेछ ।

५. दोस्रो पक्षसंगको सम्झौता अवधि ७ वर्षको हुनेछ । सन्तोषजनक व्यवस्थापन भएमा कार्यविधिमा उल्लेख भए अनुसार म्याद थप हुन सक्नेछ र सन्तोषजनक व्यवस्थापन नभएमा कार्यविधि वमोजिम जुनसुकै वखत सम्झौता रद्ध गरि वैकल्पिक प्रस्तावकसँग सम्झौता गर्न सकिने छ । साथै वैकल्पिक प्रस्तावकले पनि प्रस्ताव स्वीकार नगरेमा सार्वजनिक रुपमा खुला प्रस्ताव आह्वान गरि प्रतिस्पर्धाको प्रवर्द्वन गर्ने गरि प्रस्तावक छनौट गरिनेछ।

६. गौशालामा राखिएका सम्पुर्ण पशुहरुलाई मापदन्ड वमोजिम विभेद विना आहारको व्यवस्था दोस्रो पक्षले गर्नुपर्नेछ ।

७. दोस्रो पक्षले अन्य सहयोगी निकायबाट, दान दातव्य सहयोग लिई, कार्यविधि अनुसार परिचालन गर्न सक्नेछ ।

८. मरेका पशुहरुको व्यवस्थापन, गौशालाको उचित संरक्षण, हरियाली प्रवर्द्धनको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. गौशालाको दिगो संञ्चालन तथा व्यवस्थापनका लागि सिर्जनात्मक आयोजना तथा कार्यक्रम संञ्चालनका लागि कार्यपालिकाको निर्णयानुसार परियोजना संञ्चालन अनुदान उपलव्ध गराउन सक्नेछ ।

१०. दोस्रो पक्षले त्रैमासिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ । अन्य शर्तहरु कार्यविधिमा तोकिए वमोजिम हुनेछ ।

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय न. ४

यस नगरपालिकामा आ.व. २०७९/८० मा हालसम्म भएका पूँजीगत, एंव चाँलूगत कार्यक्रमको वित्तीय एंव भौतिक प्रगतिको अर्धवार्षिक समिक्षा मिति २०७९ माघ ६ र ७ गते गर्ने ।

निर्णय न. ५

नेपाल सरकारको सरसफाई गुरुयोजना अनुसार, यस वीरेन्द्रनगर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति देहाय वमोजिम गठन गर्ने निर्णय गरियो।

देहायः-

| | |
|---|---|
| नगरप्रमुख | - अध्यक्ष |
| उप-प्रमुख | - उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| संयोजक,सामाजिक विकास समिति | - सदस्य |
| सवै वडा अध्यक्षहरु, | - सदस्य |
| अध्यक्ष ,सुर्खेत उपत्यका खानेपानी संस्था | -सदस्य |
| नगर अध्यक्ष, गै.स.स. महासंघ | -सदस्य |
| नगर अध्यक्ष, वन उपभोक्ता महासंघ | -सदस्य |
| महिला स्वंयमसेवीका सञ्जाल | -सदस्य |
| अध्यक्ष, विधालय व्यवस्थापन समितिका, श्री अमर ज्योती मा.वी. नेवारे | -सदस्य |
| शाखा प्रमुख, वातावरण शाखा, शिक्षा शाखा र स्वास्थ्य शाखा | -सदस्य |
| नगर अध्यक्ष, बाल सञ्जाल र युवा सँञ्जाल | -सदस्य |
| नगर अध्यक्ष, सहकारी संघ,सुर्खेत | - सदस्य |
| खानेपानी तथा सरसफाई इकाई (Wash Unit प्रमुख) . | -सदस्य सचिब |

यस नगरपालिकामा खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यक्रम गरि रहेका विकास साझेदार तथा गैर सरकारी सस्थाका प्रमुखहरु नियमित आमन्त्रित सदस्यका रुपमा रहने ।

निर्णय न. ६

खानेपानी क्षेत्रगत सुशासन तथा पुर्वाधार सहयोग आयोजना अन्तर्गत भेरी लिफ्टिङ्ग पहूँचमार्ग निर्माण गर्न प्राविधिक मुल्यांकनका आधारमा IEE को विज्ञ परामर्शदाता, सम्वन्धित सरोकारवाला निकाय र लेकवेशी नगरकार्यपालिका कार्यालयसँगको समन्वयमा उपयुक्त स्थान छनौट गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने ।

नरहरि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय न. ७

खानेपानी सुशासन तथा पूर्वाधार आयोजना अन्तर्गत नगरपालिका स्तरीय भेरी लिफ्टिङ्ग आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन एंव सहजीकरण गर्नका लागि नगर प्रमुखज्यू अध्यक्ष रहेको देहाय वमोजिमको निर्देशन समिति गठन गर्ने ।

| | |
|---|---|
| नगरप्रमुख श्री मोहनमाया ढकाल भण्डारी | - अध्यक्ष |
| उप-प्रमुख श्री निलकण्ठ खनाल | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री नरहरी तिवारी | - सदस्य |
| ईन्जिनियर श्री ईश्वरी ढकाल | - सदस्य |
| PIU प्रमुख श्री देवेन्द्र कुमार झा | - सदस्य |

निर्णय न. ८

यस नगरपालिकाको आगामी आ.व. २०८०/०८१ देखि सन्चालन गर्ने गरि देहायका समपुरक र विशेष अनुदानका लागि देहाय वमोजिमको आयोजना प्राथमिकतामा आधारमा छनौट गरि अनुदान मागका लागि राष्ट्रिय योजना आयोग समक्ष अनुरोध गर्ने।

देहाय-

अ. समपुरक अनुदान तर्फ

१. नेता चौक देखि आँखा अस्पताल सडक सुधार, वी.न.पा. ६
२. काक्रे विहार चिडियाखाना व्यवस्थापन, वीनपा ९
३. इत्राम खोलामा तटवन्धन, वी.न.पा. ८
४. चुलीडाँडा पार्क निर्माण, वी.न.पा. १

माथि उल्लेखित आयोजनाका लागि आगामी आ.व. ०८०/८१ देखि क्रमागत रुपमा ३ वर्षसम्म कूल लागतको ५० प्रतिशत नगरपालिकाले व्यहोर्ने गरि श्रोतको व्यवस्थापन गर्ने वजेटको व्यवस्था गर्ने प्रतिवद्धता गर्ने ।

आ. विशेष अनुदान तर्फ

१. एकिकृत फोहरमैला तथा दिशाजन्य लेदो व्यवस्थापन स्थल निर्माण वी.न.पा. सुर्खेत
२. भैरव मा.वि. भवन निर्माण, वी.न.पा. ४
३. रानीघाट पार्क निर्माण र नदी संरक्षण कार्यक्रम, वी.न.पा. २

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय न. ९: अन्य विविध

(क) वी.न.पा लगायत छिमेकी पालिकाहरुमा कुकुरको टोकाईवाट मानिस एंव पशुहरुमा रेवीज रोगको संक्रमण फैलन सक्ने जानकारी प्राप्त हुन आएकोले रेविज विरुद्धको खोप र सचेतनाका लागि पशुपन्छी शाखावाट टिप्पणी सहित आवश्यक वजेट माग भई आएकाले रु ४० हजार व्यवस्थापन गर्ने ।

(ख) अष्ट्रेलीयन राजदुतावासको आयोजनामा नगर प्रमुखज्यूको अष्ट्रेलिया अध्ययन भ्रमणको लागि औपचारिक रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नोमिनेशन भएको जानकारी प्राप्त भएकोले सोको लागि आयोजक संस्थालाई धन्यवाद दिने साथै उक्त वैदेशिक भ्रमणको खर्च यस पालिकालाई व्यभार नहुने गरी भ्रमणको लागि पूर्व स्वीकृति प्रदान गर्ने ।

(ग) वीरेन्द्रनगर नगरपालिकाको स्वामित्वमा रहेको वसपार्क हाल मिति २०७९/०५/०३ देखि विशेष परिस्थितीमा अमानतमा संञ्चालन हुदै आएको र तुलनात्मक रुपमा न्युनतम जनशक्तिवाट सोको व्यवस्थापन भएकोले कार्य चाप समेतलाई ध्यान दिई वसपार्कमा कार्य गर्ने कर्मचारीलाई काममा खटिएको दिनमामात्र खाजा वापत प्रति दिन रु ५०।— र पिउने पानीको भुक्तानी मितव्ययी ढंगले दिने ।

(घ) संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सुर्खेतको चं. न. ४०९ मिति २०७९/०२/१० को पत्र मार्फत प्रदेश स्तरीय पानी प्रयोगशाला (Water Quality Testing Lab) तथा कार्यालय भवन निर्माणका लागि आवस्यक पर्ने जग्गा उपलव्ध गराउन अनुरोध भई आएकोले जग्गा व्यवस्थाको लागि सुर्खेत उपत्यका नगर विकास समितिको कार्यालयलाई सिफारिस गर्ने ।

(ङ) वी.न.पा.को क्षेत्रभित्रका सडक वत्तीहरुको लामो समय देखिको वक्यौता रहेको सन्दर्भमा हालसम्मको विद्युत महशुल वापतको रु. ४,५१,३५,१२६.८७। भुक्तानीका लागि नेपाल विधुत प्राधिकरण, सुर्खेत वितरण केन्द्र को च.न. ४७४ मिति २०७९/०९/१८ पत्र मार्फत अनुरोध भई आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको क्षेत्राधिकार भित्रको भूमी व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुने र नगरपालिका भित्र सेवा दिने विधुत, टेलिकम, इन्टरनेट जस्ता सेवा प्रदायक संस्थाले समेत स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने जमीन उपयोग गरेवापत स्थानीय तहलाई कर तिर्नु पर्ने कानुनी व्यवस्था भएको तर यस्ता सेवा प्रदायक निकायवाट

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने जमिन उपयोग गरेवापत कर/राजस्व/शुल्क तिराउने अवस्था हाल नरहेकोले सोको हिसाव मिलानको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र उर्जा मन्त्रालय, सिहदरवार,काठमाडौंलाई अनुरोध गर्ने ।

(च) यस नगरपालिकाको स्थानीय राजस्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बाट सिफारिस भए वमोजिमको आगामी आ.व. २०८०/०८१ को लागि आवस्यक पर्ने आय, व्ययको प्रक्षेपण गरिएको तथ्यांक स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५ उपदफा ५.१.१ वमोजिम संघीय अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डौमा अनुरोध गरि पठाउने।

(छ) यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको करार सम्झौता पौष मसान्त सम्ममात्र कायम गरिएको र वीरेन्द्रनगर नगरपालिकाको च.न. ४५८ मिति २०७९/०४/२४ को पत्र मार्फत कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण संरचना (O&M) का लागि श्री मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा अनुरोध सहित पत्राचार समेत गरिसकिएको सन्दर्भमा हालसम्म पनि कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण संरचना (O&M) तयार हुन नसकेको र यस नगरपालिकाको कार्यालय र सो अन्तर्गतका अन्य शाखा, वडा कार्यालय लगायतका मातहतमा निकायमा सेवा प्रवाहलाई व्यवस्थित गर्नका लागि हाल कार्यरत सवै करार कर्मचारीको करार म्याद साविक वमोजिमकै सेवा सुविधा पाउने गरी यही मिति २०८० आषाढ मसान्तसम्मको लागि थप गर्ने र पुन: संगठन तथा व्यवस्थापन सर्भेक्षण संरचना (O&M) सिघ्र तयार गर्न प्राथमिकता दिनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, सुर्खेतमा अनुरोध गर्ने ।

(ज) वीरेन्द्रनगर नगरपालिकाको नगर विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को दफा ३ वमोजिम गठन हुने नगर विपद् व्यवस्थापन समितिमा सोही दफाको उपदफा २(ङ) वमोजिम हुने सदस्यमा देहायका कार्यपालिका सदस्यहरुलाई चयन गर्ने ।

१. सरिता चौधरी
२. तृप्ती कुमारी वि.क.
३. लक्ष्मी चौधरी
४. रचना बाँठा

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

(झ) वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ वडा कार्यालयवाट वडा समितिको मिति २०७९/०६/०५ को निर्णय समेत संलग्न राखी च.नं. ५८१ मिति २०७९/०९/०१ को पत्र मार्फत सोही वडामा स्थायी वसोवास गर्ने वस्ने वर्ष ५९ का केशर वहादुर तारामी मगरलाई मृगौलामा समस्या भई उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकाले उपचार खर्च वापत वडा कार्यालयमा विनियोजित विविध खर्च वजेट शिर्षक ६८/११ बाट रु ५०,०००।(अक्षरुपी पचास हजार) उपचार आर्थिक सहायता दिनका लागि वडावाट सिफारिस सहित अनुरोध भई आएकोले पेश भए वमोजिम रु ५०,०००।( अक्षरुपी पचास हजार) आर्थिक सहायता दिने ।

(ञ) सरकारी तथा संस्थान सवारी चालक एशोसियशन, कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेतले यस वीरेन्द्रनगर नगरपालिका अन्तर्गतको नगर अस्पतालमा संञ्चालित एम्वुलेन्स सेवा संञ्चालन गर्नको लागि ईच्छुक रही संञ्चालन गर्नको लागि अनुमति दिन माग गरेको हुँदा कानुन वमोजिम आवस्यक प्रक्रिया पुरा गरि नगर अस्पतालमा संञ्चालित एम्वुलेन्स सरकारी तथा संस्थान सवारी चालक एशोसियशन, कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेतलाई संञ्चालन गर्न अनुमति दिने ।

(ट) जुनीचाँदे २, जाजरकोट वस्ने सुष्मा कुमारी गिरीले मिति २०७९/०९/१४ गते भैरव मा.वि. मझकोटको कक्षा ११ को रजिष्ट्रेशन शुल्क दस्तुर वापत राष्ट्रिय परीक्षा वोर्डको खाता नं. ४०८०१०००१५५१५००१ मा शुल्क जम्मा गर्नुपर्नेमा भुलवस वीरेन्द्रनगर नगरपालिकाको राजस्व खाता नंर ४०८०१००३०१०१०००४ मा रु ४१,२००।(एकचालिस हजार दुई सयमात्र) जम्मा हुन गएकाले उक्त रकम फिर्ता गरिदिन निवेदकले यस कार्यालयमा निवेदन दिएकोले भुलवस पालिकको खातामा जम्मा हुन आएको रकम उपयुक्त शिर्षक हेरी फिर्ता दिने ।

(ठ) नेपाल पिडीत समुदाय संरक्षण केन्द्र (NEPSCON) ले रिन्युवल वर्ल्डको समेत आर्थिक साझेदारी रहने गरी सुधारिएको चुलो कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनका लागि वीरेन्द्रनगर नगरपालिकासँग साझेदारीका लागि उंक्त संस्थाको चं.न. ७० मिति २०७९/०९/२४ को पत्रमार्फत प्रक्रियागत विषयहरु संलग्न राखी प्रस्तावना पेश भएको र उक्त प्रस्तावनामा चुलो खरिद प्रक्रियाको लागि रिन्युवल वर्ल्डले स्थानीय सरकार र साझेदार संस्था नेपाल पिडीत समुदाय संरक्षण केन्द्र (NEPSCON) सँग समन्वय तथा सहकार्य गरी वोलपत्र आह्वान गरि खरिद गर्ने गरि वीरेन्द्रनगर नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत शशर्त तर्फको वजेट र म्याचिङ्ग फन्ड शिर्षकको वजेट तथा कार्यक्रम अनुसार १०००(एक हजार) सुधारिएको चुलो खरिदका लागि प्रतिष्पर्धा प्रवर्द्धन हुनेगरि नेपाल पिडीत समुदाय संरक्षण केन्द्र (NEPSCON) सँग साझेदारी गर्ने ।

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

(ड) कृषि विकास शाखाबाट रैथाने वाली प्रवर्द्धन (वाली विकास कार्यक्रम) मकै, कोदो, भटमास, फापर तथा आवश्यकता तथा माग अनुसार अन्य स्थानीय वाली प्रवर्द्धन कार्यक्रम वी.न.पा.को वडा नं. ९, १०, ११, १२ र १४ मा संचालनका लागि रु १०,००,०००। (अक्षरुपी दश लाख) र मकैवाली प्रवर्द्धर्न कार्यक्रम अन्तर्गत वडा नं. १३, १५ र १६ मा संचालनका लागि रु २०,२०,०००। (अक्षरुपी वीस लाख वीस हजार) वरावरको संघीय सशर्त कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने ।

(ढ) यस वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ का विभिन्न सडक लगायत सार्वजनिक स्थानमा रहेका स्थायी एवं अस्थायी अतिक्रमित सार्वजनिक संरचना हटाई सोको उचित संरक्षण गर्ने वीरेन्द्रनगर नगरकार्यपालिकाको मिति २०७९/०२/२३ र २०७९/०८/२५ लगायतको मितिमा भएको र निर्णय कार्यान्वयन गर्न १५ दिने सार्वजनिक सूचना जारी गरी सो अवधि समेत व्यतित भई अन्तिम प्राविधिक नाप जाँच भईरहेको हुँदा प्राविधिक प्रतिवेदन प्राप्त भए पश्चात अन्तिम पटकको लागि ७ दिने सार्वजनिक सुचना जारी गर्ने र उक्त क्षेत्रमा पर्ने सार्वजनिक संरचनाहरु प्रदेश सुशासन केन्द्र, वहुमुखी क्याम्पस सुर्खेत र म.प. विश्वविद्यालय सुर्खेतको कम्पाउन्ड वाल तथा अन्य भौतिक संरचना समेत परेको हुँदा सो संरचना हटाउनको लागि सम्वन्धित निकायमा अनुरोध सहित पत्राचार गर्ने र सो अवधिमा समेत स्थायी एवं अस्थायी अतिक्रमित सार्वजनिक संरचना नहटाएमा कानून वमोजिमको प्रक्रिया पुरा गरि स्थानीय प्रशासनको सहयोग लिई अतिक्रमण हटाउने ।

(ण) वीरेन्द्रनगर नगरपालिकाको राजमार्ग र विभिन्न वडाका सडकहरुमा ट्रिगार्ड निर्माणका लागि श्री दोर्ण विल्डर्स ग्रुप अफ कम्पनी, वीरेन्द्रनगर ३, सुर्खेत सँग विधुतीय ठेक्का भई सम्झौता भएकोमा ठेकेदार पक्षवाट हालसम्म पनि सम्झौतामा उल्लेख भए अनुसार परिमाणमा विधिन्न कारण जनाई काम अगाडी वढाउन नसकेको र अत्यन्त सुक्खाका कारणले गर्दा हालको समयमा राजमार्गको सडकको Median मा लगाउने विरुवा नसर्ने र कुहिने भएको साथै ठेक्काको म्याद समेत सकिएको हुँदा Tree Guard Fabrication र Installment ठेक्कावाट गरिएको कार्य हाल रोक्नुपर्ने देखिएकोले योजनामा आएको भेरीयसन स्वीकृत गर्दै हालसम्म सम्पन्न भएको यथार्त कार्यलाई नै कार्य सम्पन्न भएको मानी सार्वजनिक खरिद नियमावली र प्राविधिक मूल्यांकन वमोजिम नियमानुसार हुन आउने रकम भुक्तानी गर्ने ।

(त) जिल्ला समन्वय समितिको कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वी.न.पा. वडा नम्वर ६ को वडा कार्यालय भवनको निर्माणको लागि नगरपालिकाको समेत

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

साझेदारीमा वजेट विनियोजन भएकोमा विविध कारणले गर्दा समयमै काम सम्पन्न हुन नसकेको र जिल्ला समन्वय समितिको मिति २०७९/०९/१३ को बैठकको निर्णयानुसार निर्माण कार्य सम्पन्न गरी बिल भर्पाई सहित भुक्तानीका लागि पेश हुन आएका योजनाहरुको भुक्तानी हुन बाँकी रकम भुक्तानी दिने भन्ने जानकारी प्राप्त भएकोले उक्त योजनाको म्याद २०७९।११।१५ सम्म थप गरि सम्पन्न कार्यको बिल भर्पाई जिल्ला समन्वय समितिको कार्यालयमा भुक्तानीको लागि पेश गर्ने । साथै नगरपालिकाको साझेदारीवाट व्यहोर्नु पर्ने रकम म्याचिङ्ग शीर्षकवाट भुक्तानी दिने ।

(थ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा २.४.२ वमोजिम यस नगरपालिकाको देहायको विषयगत समितिमा तपसिल वमोजिमको सदस्य सचिबको जिम्मेवारी दिने ।

तपसिल:

| | | |
|---|---|---|
| १. | आर्थिक विकास समिति | - अधिकृत सातौं श्री टंक प्रकाश लामिछाने |
| २. | पूर्वाधार विकास समिति | - ईन्जिनियर श्री ईश्वरी ढकाल |
| ३. | वातावरण तथा विपद् व्यवस्थापन समिति | - अधिकृत आठौं श्री प्रकाश पौडेल |
| ४. | सामाजिक विकास समिति | - अधिकृत आठौं(शिक्षा) श्री उतम प्रसाद आचार्य |
| ५. | सुशासन तथा संस्थागत विकास समिति | -अधिकृत छैठौं श्री विष्णु प्रसाद आचार्य |
| ६. | विधायन समिति | -अधिकृत सातौं श्री दिपेन सुवेदी |

(द) नेपाल पत्रकार महासंघ केन्द्रीय महाधिवेशनका लागि वीरेन्द्रनगर न.पा. को मिति २०७९/०८/२५ को बैठकले न.पा.को तर्फबाट रु २,५०,०००।(अक्षरुपी दुईलाख पचास हजार) सहकार्य गर्ने निर्णय भएकोमा उक्त रकम कम भएको भनि थप सहयोगका लागि अनुरोध भई आएकोले रु ७,००,०००।( अक्षरुपी सात लाख ) सहकार्य गर्ने र अन्यको हकमा कार्यक्रम अनुसार देहाय वमोजिमको सञ्चार क्षेत्र प्रोत्साहन तथा सहकार्य र गैर वित्तीय संस्थालाई अनुदान शिर्षकबाट संस्थागत रुपमा सहयोग गर्ने ।

देहायः-

| क्र.स. | सस्थाको नाम | सहयोग रु मा |
|---|---|---|
| १ | प्रेस युनियन, सुर्खेत | १,५०,०००। (अक्षरुपी एक लाख पचास हजार) |
| २ | प्रेस चौतारी, सुर्खेत | १,५०,०००। (अक्षरुपी एक लाख पचास हजार) |
| ३ | प्रेस सेन्टर, सुर्खेत | १,५०,०००। (अक्षरुपी एक लाख पचास हजार) |

२०७९/०९/२३
नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

२०७९/९/२९
मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख